# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
३ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७४।०७५
चलानी नं. १६१५

मिति : २०७४।१०।०८

**विषय:- इन्जिनियरीङ्ग परामर्षदाता सूचिकृतको लागि दरखास्त पेश गर्ने बारे ।**

उपरोक्त विषयमा मिति २०७४/०९/१२ गते बसेको नगर कार्यपालिकाको बैठक र २०७४/०९/२८ गतेको नगरसभा ले स्वीकृत गरेको **भवन निर्माण मापदण्ड, भवन इजाजत तथा घर नक्शा पास कार्यबिधी २०७४** अनुसार यस नगरकार्यपालिकाको क्षेत्र भित्र आ.व. २०७४/७५ मा निर्माण हुने आवाशिय (Residential), व्यापारिक (Commercial), संस्थागत (Institutional) आदि भवनहरुको नक्शा पास प्रयोजनको लागि डिजाईन, ड्रोईङ्ग स्तरीय इञ्जिनियरीङ्ग सेवा प्रदायक व्यक्ति/फर्म/संस्था बाट गराउनको लागि सो कार्य सम्बन्धी कम्तीमा ३ वर्षको कार्यअनुभव भएको वा यस नगरपालिकामा गत आ.व.मा ५० वटा घर नक्शा बनाएका इन्जिनियरीङ्ग सेवा प्रदायक व्यक्ति/फर्म/संस्था सुचिकृतको लागि मिति २०७४/१०/१० गतेबाट लागू हुनेगरि १५(पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ । नगरकार्यपालिकाको कार्यालयमा तपशिलका आवश्यक कागजात सहित तोकिएको म्यादभित्र रितपूर्वक पर्न आएका दरखास्त फारामहरु मध्येबाट योग्यता पुगेका व्यक्ति/फर्म/संस्था लाई छनौट गरी सूची प्रकाशन गरिने छ ।

तपशिल :

...................
चिरञ्जिवी तिम्सिना
प्रमुख प्रशासकिय अधिकृत

क) परामर्षदाता व्यक्ति भएमा

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
२. आबश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी (एस.एल.सी. र सो भन्दा माथि)
३. स्थायी लेखा नम्बर (PAN Number)
४. कार्यअनुभव प्रमाणित गर्ने पत्र
५. सरकारी निकायमा स्थायी, अस्थायी र करार रुपमा कार्यरत छैन भनि स्वयंमले प्रमाणित गरेको पत्र ।

ख) परामर्षदाता फर्म/संस्था भएमा

१. फर्म/संस्था दर्ता प्रमाण-पत्र (नविकरण भएको) को प्रमाणित प्रतिलिपी
२.आ.व. २०७३/७४ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी
३. स्थायी लेखा वा मूल्य अभिबृद्धी कर (PAN वा VAT) दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी
४. फर्म/संस्था मा कार्यरत जनशक्ती (सिभिल इन्जिनियर, आर्किटेक्ट र स्ट्रक्चरल इन्जिनियर आदि)को नागरिकता, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र काम गर्ने प्रतिबद्धता पत्र
५. फर्म/संस्था को प्रोफाइल
६. कालो सुचीमा नपरेको भनी पेश गरेको प्रतिवद्धता पत्र
७. कार्यअनुभव प्रमाणित गर्ने पत्र
८. संचालक सरकारी निकायमा स्थायी, अस्थायी र करार रुपमा कार्यरत छैन भनि स्वयंमले प्रमाणित गरेको पत्र ।

ग) यस आ.व.मा यस नगरपालिकामा सूचि दर्ता गरेका व्यक्ति /फर्म ले समेत आवेदन दिनुपर्नेछ । यस आ.व.मा सूचिकृत भइसकेकालाई पुन: सूचिकृत शुल्क लिईने छैन ।